**सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेङ्गु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।

त्यसैले,

- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com

**जनहितमा जारी सन्देश**

गर्मी चर्केकोले वनजङ्गलमा डढेलो लाग्दा बाहिरको वायुमण्डल प्रदूषित हुन्छ । धूलो, धूवाँले स्वास्थ्यमा नराम्रो असर पार्छ । सतर्क बनौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार ०९ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 June 23 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९१

## महानगरसहित पालिकाहरूको नीति तथा कार्यक्रम प्रस्तुत पर्सागढी र जीतपुरसिमराको नगरपरिषद् स्थगित

प्रस, वीरगंज, ८ असार/

वीरगंज महानगरपालिकाले शनिवार नीति तथा कार्यक्रमसहित आगामी आव २०८१/८२ को बजेट पनि पारित गरेको छ ।

महानगरको १५औं नगरपरिषद्मा नगरप्रमुख राजेशमान सिंहले आगामी आर्थिक वर्षका लागि महानगरको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेका नीति तथा कार्यक्रममा सुन्दर, समुन्नत, समृद्ध र वैभवशाली वीरगंज निर्माण गर्ने सङ्कल्प र समस्त वीरगंजवासीको चाहनाबमोजिम वीरगंजलाई सुन्दर, समुन्नत र समृद्ध बनाउने उल्लेख छ ।




प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनले स्वच्छ, सफा, हराभरा र सुन्दर वीरगंज शहरको पहिचान स्थापित गर्दै धार्मिक पर्यटकीय गन्तव्यको रूपमा वीरगंजलाई विकसित गर्ने कार्यमा सघाउ पुग्ने नगरप्रमुख सिंहले विश्वास व्यक्त गरे । यसैगरी, आगामी आवमा यहाँ रहेका धार्मिक तथा पर्यटकीयस्थलहरू विन्ध्यवासिनीमाई, पिपरास्थित नृसिंह मन्दिर र भुटनदेवी मन्दिर निर्माण कार्य अगाडि बढाउने तथा अन्य मठमन्दिरको आवश्यकता अनुसार पुनर्निर्माण र सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिने बताए ।




पर्यटन प्रवर्द्धन र आन्तरिक आय वृद्धिका लागि वीरगंज १७ र १९ को कोनियामा रहेको सार्वजनिक जग्गामा आधुनिक हरितपार्कसहितको ताल निर्माण गर्ने, वीरगंज घण्टाघरनजीकको खाली जग्गामा सार्वजनिक–निजी साझेदारी र दातृ निकायसँगको समन्वयमा आधुनिक हरितपार्क निर्माणको कार्यलाई अगाडि बढाउने जस्ता कार्यलाई प्राथमिकता दिइएको नगरप्रमुख सिंहले बताए । यस्तै, वीरगंजलाई थप स्वच्छ र सफा बनाउन फोहोर गर्नेले नै सफा गर्दा लाग्ने खर्च दिनुपर्ने व्यवस्था आगामी आर्थिक वर्षबाट लागू गरिने नीति तथा कार्यक्रममा रहेको बताए ।

बढ्दो खानेपानीको समस्या समाधानका लागि डीप बोरिङ तथा खानेपानी संस्थानको पाइपलाइन विस्तारलाई प्राथमिकता दिंदै यहाँ रहेका पोखरी, इनार तथा कुवाको संरक्षण गर्ने नीति लिएको बताए ।

परिषद्मा उपप्रमुख इम्तियाज आलमले आगामी आवको लागि महानगरले दुई अर्ब ८९ करोडको बजेट ल्याएको बताए ।

नगरप्रमुखले ल्याएको नीति तथा कार्यक्रम र उपप्रमुखले प्रस्तुत गरेको बजेट आजको नगरपरिषद्ले पारित गरेको नगरप्रमुखका सचिवालय सल्लाहकार नवराज फुयाँलले बताए ।

**प्रस, सिम्रौनगढ/**

बाराको सिम्रौनगढ नगरपालिकाको नवौं नगरसभाबाट आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रमसहित बजेट पारित भएको छ ।

नगरप्रमुख किशोरीप्रसाद कलवारको अध्यक्षतामा भएको नगरसभाबाट आर्थिक वर्ष २०८१/८२ को लागि अनुमानित रु ६४ करोड ७२ लाख ३६ हजारको बजेट उपप्रमुख नजमु शेहरले प्रस्तुत गरेकी थिइन् ।

उनले वित्तीय समानीकरण अनुदान रु १३ करोड ६५ लाख, राजस्व बाँडफाँड ११ करोड २७ लाख, सङ्घ सरकारबाट प्राप्त हुने सशर्त र सम्पूरक विशेष अनुदान रु २६ करोड ३० लाख ३६ हजार, आन्तरिक स्रोत रु आठ करोड, सडक बोर्डबाट प्राप्त हुने रु ५० लाख, राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने रु पाँच करोड प्राप्त हुने अनुमान गरिएको बताइन् ।

नगरप्रमुख कलवारले बजेटको उद्देश्य आर्थिक गतिविधि एवं विकासका कार्यलाई तीव्रता दिने, नगरपालिकाको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवं संरक्षण प्रदान गर्ने, सार्वजनिक स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील नगरपालिका घोषणा

(बाँकी तोस्रो पातामा)

## महासङ्घको निर्वाचन तालिकामा मधेस प्रदेशका शाखाहरूको आपत्ति



प्रस, वीरगंज, ८ असार/

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका आठ जिल्ला शाखाले शनिवार संयुक्त विज्ञप्ति जारी गर्दै शुक्रवार राति जारी भएको निर्वाचन तालिकामा आफ्ना शाखाहरूमा निर्वाचन हुन नसक्ने जानकारी गराएका छन् ।

सप्तरीका अध्यक्ष श्रवणकुमार देव, सिराहाका अध्यक्ष मनोजकुमार वनैता, सर्लाहीका अध्यक्ष टङ्कबहादुर क्षत्री, रौतहटका अध्यक्ष प्रेमचन्द्र झा, बाराका अध्यक्ष रेशम तिवारी, पर्साका अध्यक्ष अनुप तिवारी, महोत्तरीका सचिव राजकरण महतो र धनुषाका सचिव वटुकनाथ झाले नेपाल पत्रकार महासङ्घ केन्द्रीय निर्वाचन समितिले हिजो राति जारी गरेको निर्वाचन तालिकासँगै मतदाता नामावलीप्रति गम्भीर आपत्ति जनाएका छन् ।

उनीहरूले जिल्ला शाखाहरूले सार्वजनिक गरिएको निर्वाचन तालिकामा विधानअनुरूप जिल्ला, प्रदेश र केन्द्रको मनोनयन कार्यक्रम तथा समयावधिको समेत पालना नगरिएको बताए ।

महासङ्घको सुर्खेत साधारणसभाले सदस्यता शुद्धीकरण गर्न समिति बनाउँदै जिल्ला शाखाहरूलाई निर्देशन दिएको र

(बाँकी अन्तिम पातामा)

## रास्वपाको छिपहरमाईमा भेला, कमिटी गठन

सुग्रीव साह, भिस्वा, ८ असार/

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को छिपहरमाई गाउँपालिकामा भेला सम्पन्न भएको छ । रास्वपा पर्साका क्षेत्रीय सभापति जीतेन्द्र मिश्रको अध्यक्षतामा भएको भेलाको केन्द्रीय सङ्गठन विभागका प्रमुख शङ्कर श्रेष्ठले उद्घाटन गरेका थिए ।




भेलामा केन्द्रीय सङ्गठन विभागका प्रमुख श्रेष्ठले रास्वपाप्रतिको बढ्दो जनसहभागिताले विपक्षी दलहरू

(बाँकी तोस्रो पातामा)

## सन्ततिलाई राम्रो संस्कार दिनुपर्छ –प्रदेशसभा सदस्य चौधरी

प्रस, वीरगंज, ८ असार/

मधेस प्रदेशसभा सदस्य शङ्कर चौधरीले जस्तो शिक्षा दिन्छौं, त्यस्तै भोगाइ भोग्नुपर्छ भन्दै ज्येष्ठ नागरिकप्रतिको व्यवहारमा सुधार नआउनुको प्रमुख कारण भएको बताए ।




ज्येष्ठ नागरिक सङ्घ मधेस प्रदेशले शनिवार वीरगंजमा आयोजना गरेको ज्येष्ठ नागरिक हकअधिकारसम्बन्धी सरोकारवालासँग छलफल कार्यक्रममा प्रदेशसभा सदस्य चौधरीले आफ्ना सन्ततिहरूलाई राम्रो संस्कार दिने हो भने आगामी दिनमा ज्येष्ठ नागरिकहरूप्रति श्रद्धा, सद्भाव बढ्ने बताए । उनले अमेरिकामा विद्यालयस्तरबाट ज्येष्ठ नागरिकहरूप्रति गर्नुपर्ने श्रद्धाभावबारेमा जानकारी गराउने, अध्ययनको क्रममा उनीहरूसँग प्रत्यक्ष साक्षात्कार गराउने जस्ता कार्यहरू गरिंदै आएको र त्यस प्रकारको शिक्षा विधि नेपालमा पनि गरेको खण्डमा ज्येष्ठ नागरिकहरूप्रति आउने सन्ततिको सोच परिवर्तन गर्न सकिने बताए ।

उनले प्रदेश सरकार प्रणालीमा नचलेको आरोप लगाए । प्रदेश सरकार प्रणालीमा नचलेको पीडा ज्येष्ठ नागरिकहरूले पनि भोग्दै आएको बताए । उनले संस्था दर्ता नहुनु त्यसको उदाहरण रहेको बताए । उनले सङ्घ र स्थानीय सरकारलाई अधिकार दिइएको छ तर प्रदेश सरकारलाई अधिकारविहीन पारिएको दोषारोपण लगाए ।

कार्यक्रमका अध्यक्ष जगदीशप्रसाद शर्माले सरकारले गरेको स्वास्थ्य बीमाको बिजोग भएको बताए । उनले अस्पतालमा पाउने औषधि चिकित्सकले लेखिदिंदैनन् र बाहिरबाट खरीद गर्दा बीमाले भुक्तानी दिंदैन, यसरी सेवाग्राही दोधारमा परेको बताए । उनले अधिकांश ज्येष्ठ नागरिक परिवारबाट हुने हिंसाका शिकार भएको बताए । उनले परिवारका सदस्यहरूले जतिसुकै दुःख दिए पनि अभिभावकत्वको भूमिकामा ज्येष्ठ नागरिकहरू बसिरहेको र परिवारको इज्जत बचाउँदै आएको बताए । छोराछोरीबाट हुने हिंसाका बावजूद उनीहरू प्रहरी, प्रशासन, अड्डा अदालतको चक्कर काटेर दुःख नपाऊन् भनी धेरै ज्येष्ठ नागरिक गुपचुप बस्दै आएको बताए । उनले ज्येष्ठ नागरिकहरूलाई हिम्मतका साथ समयको सामना गर्नुपर्ने सुझाए । म सक्छु भन्ने आत्मविश्वासका साथ काम गर्ने हो भने सबै कुरामा सफलता प्राप्त हुन सक्ने उनले बताए ।

कार्यक्रममा नेपाल चिकित्सक सङ्घ नारायणी, वीरगंजका अध्यक्ष डा मनोज गुप्ताले आफूले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य उपचार निश्शुल्क गर्ने बताए । यसैगरी, उनले सरकारी अस्पतालका साथै ज्येष्ठ नागरिकमैत्री बनाउन निजी अस्पतालहरूसँग पनि सहकार्य गर्ने बताए ।


नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका महासचिव श्याम बन्जारा, जिल्ला अध्यक्ष अनुप तिवारीले सञ्चारमाध्यमबाट ज्येष्ठ नागरिकहरूको हकअधिकार सुनिश्चित गर्ने काम भइरहेको र आगामी दिनमा पनि यो विषयको उठान निरन्तर हुने बताए ।

स्थानीय समाजसेवी नेजामुद्दीन समानी र प्रकाश उपाध्यायले समाजलाई ज्येष्ठ नागरिकमैत्री बनाउन भूमिका खेल्ने बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका

(बाँकी अन्तिम पातामा)

## प्रधानसम्पादक शर्मालाई भ्रातृशोक



प्रस, वीरगंज, ८ असार/

प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मालाई भ्रातृ शोक परेको छ ।

प्रधानसम्पादक शर्माका कान्छा भाइ श्यामसुन्दर अधिकारीको बिहीवार राति ८.३० बजे निधन भएको हो । आफ्नै गृह गोदार (धनुषा जिल्ला)मा अधिकारीको निधन भएको हो । ५९ वर्षीय अधिकारी मिर्गौलारोगबाट पीडित थिए ।

## विचारसार र सूक्तिहरू

**जिन्दगीमा खुलेर बाँच्नु छ भने एउटा सानो नियम बनाउनुस्, सधैं केही राम्रो कुरा याद राख्नुस् र केही नराम्रो कुरा बिर्सिनुस् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# भ्रष्टाचार नियन्त्रणको नियतमैं भ्रष्टाचार


समयान्तर

ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अख्तियार त अहिले सत्ताको आडमा मौलाएका भ्रष्टाचारमा निरीह मात्र होइन, सत्ता राजनीतिको स्वार्थ सोझ्याउने औजार बनेको छ । अख्तियार दुरुपयोग नियन्त्रणको उद्देश्यले व्यवस्था गरिएको संवैधानिक निकायको चरम दुरुपयोग भइरहेको छ ।**

भ्रष्टाचार नियन्त्रणका लागि भनेर गठन गरिएको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रभावकारी काम गर्न नसक्नुमा त्यहाँ पूर्वकर्मचारी भर्ती गरिने अभ्यास पनि एउटा मूल कारण हो । राजनीतिक शक्तिकेन्द्र रिझाएर आहोदामा पुगेकाहरूले कसका लागि काम गर्छन् ? स्पष्ट छ । यो संवैधानिक अङ्गमा खुला प्रतिस्पर्धाबाट योग्य र दक्षलाई ल्याउने विषयमा राजनीति किन उदार छैन ? यो पनि स्पष्ट छ, राजनीतिकर्मीलाई आफू पदमा हुँदा गरेका भ्रष्टाचार नखोतल्ने आज्ञाकारी चाहिएको छ ।

कानून पनि त्यसै हिसाबले बनाइएको छ, मन्त्रिपरिषद्बाट भएका नीतिगत निर्णय पनि अख्तियारका नियमनमा पर्दैनन् । यही व्यवस्थाको कारण मन्त्रिस्तरबाट हुने काम पनि निर्णयका लागि मन्त्रिपरिषद्मैं पुऱ्याउने गरिएको छ । नेपालको संविधान २०७२ को धारा २३९ (१)ले अख्तियारलाई सार्वजनिक पद धारण गरेको व्यक्तिलाई मात्र अनुसन्धानको अधिकार दिएको छ । सार्वजनिक पदमा रहेको त्यस्तो व्यक्ति संविधान र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारी भएमा अख्तियारले छुन पाउँदैन ।

आजको विश्वमा भ्रष्टाचारमुक्त समाजको कल्पन मात्र गर्न सकिन्छ, तर सम्भव हुन सक्दैन । त्यो समाजमा भ्रष्टाचारको सघनता कति छ भन्ने मूल सरोकार हो । सुशासनले भ्रष्टाचारलाई न्यूनीकरण गर्छ, हामीकहाँ हुन नसकेको कुरा नै यही हो । २०४६ सालको राजनीतिक परिवर्तनयताका दृश्यावली मात्र यो खुलेआम हुन थाल्यो । बितेका चार/पाँच वर्षको दृश्य हेर्ने हो भने त यो हाकाहाकीजस्तो लाग्न थालेको छ । नीतिमा चलखेलका कुरा सामान्यजस्ता लाग्नु भनेको भ्रष्टाचारको चरम रूप नै हो ।

राजनीतिक आवरणमा हुने भ्रष्टाचार डरलाग्दो छ । आज सानो होओस् वा ठूलो जस्तोसुकै काम अनधिकृत लेनदेनविना हुँदैन । घूस, कमिशनखोरी त आज राजनीतिक र प्रशासनिक विशेषताजस्तै भइसक्यो । नेपालमा सबैभन्दा बढी भ्रष्ट राजनीतिक तह नै रहेको तथ्य ट्रान्परेन्सीको प्रतिवेदनले सार्वजनिक गरेको थियो । राजनीतिक संरक्षणकै आडमा नियन्त्रणका निकाय भ्रष्टाचारका अखडा बनेका सन्दर्भ नयाँ रहेनन् । जागरण र भ्रष्टाचारविरुद्ध अभिमत निर्माणमा सचेत नागरिक समाज र स्वतन्त्र सञ्चार क्षेत्रको भूमिका अझ सशक्त हुनुपर्छ । दलीय कित्तामा विभाजित विद्वत् र सञ्चार क्षेत्रबाट अपेक्षित उपलब्धि हात लाग्दैन भन्नेमा स्पष्ट हुनु जरुरी छ ।

भ्रष्टाचार नियन्त्रणका नाममा सानोतिनो रकम घूस खानेहरू समातिन्छन् । तर नीतिगत भ्रष्टाचारबाट अकुत सम्पत्ति आर्जन गर्नेहरूले राजनीतिक आवरण र संरक्षणमा उन्मुक्ति पाएका छन् । जनताको प्रतिनिधिमूलक संस्था व्यवस्थापिकाले बनाएका कानूनमा राखिएका स्वविवेकीय अधिकार कार्यान्वयनको सहजीकरणका लागि नभएर भ्रष्टाचारलाई सहज वातावरण मिलाउन दुरुपयोग भइराखेको छ । संसद् भ्रष्टाचारको संरक्षकजस्तो देखिएको छ । यसले बनाएका कतिपय कानूनहरू माफिया र भ्रष्टका स्वार्थ सोझ्याउने औजार बनेका छन् ।

अधिकारको दुरुपयोगले विकासको सार केही व्यक्तिमा सीमित भइराखेको छ । यसले समाजमा द्वन्द्व अभिवृद्धि गरिराखेको छ । विकासको सापेक्ष पद्धति र प्रक्रिया अवरुद्ध छ । राजनीतिक तहको भ्रष्टाचारले विकासशील देशहरूको विकासका सपना टुक्रिँदै गइरहेका छन् । अर्को तथ्य यो पनि हो कि विकास साझेदार भनिएका दाताहरू राजनीतिलाई भ्रष्ट बनाइराख्न चाहन्छन् । नेपालको अधिकांश विकास दाताको अनुदान र ऋणमा आधारित छ । त्यसमा पनि अनुदानमा दाताको स्वार्थको बोलबोला देखिन्छ । भ्रष्ट शासक मात्र दाताको रुचि अघिल्तिर लत्रिने भएकाले दाताहरू राजनीतिलाई भ्रष्ट बनाइराख्न उद्यत् छन् । ठूला योजनालाई आवश्यकताभन्दा अस्वाभाविक खर्चिलो बनाएर राजनीतिक शीर्षस्थलाई पोस्ने र जनतामाथि ऋणको भारी बोकाउने उपक्रम पनि यतै आएर शुरू भएको हो ।

समाजको भ्रष्ट र विभाजित मनोविज्ञान मात्र राजनीतिक भ्रष्टाचारका निम्ति सहज हुने हुँदा नेतृत्व यसको निकास चाहँदैन । यसरी सुशासन र समतामूलक विकासको अभीष्ट कदापि पूर्ण हुन सक्दैन । कार्यान्वयनअघि नै सङ्घीयताको औचित्य र सार्थकतामा प्रश्न उठ्नु सुरुआती सङ्केत मात्रै हो । आफ्ना रुचिका क्षेत्रमा आफैंले खर्च गर्न पाउनुपर्ने दाताका औसत अडान र अभ्यासको अभीष्ट यही हुन सक्छ । व्यक्ति र समाज हुँदै राज्य सञ्चालनको तहसम्म अनेक आवरणमा दाताका उद्देश्य बोकेका समूहहरूको उपस्थिति छ । विकसित देशको लक्षित बजार विकासशील देश हुन् । यसका लागि पनि उनीहरूको स्वार्थ मेशिनरीले काम गरिराखेको छ । यसमा भ्रष्ट मनोविज्ञानले काम गरिसकेको छ । भ्रष्टाचारजन्य अराजकताको नियन्त्रण पनि राजनीतिक सतर्कता र कुशलताबाटै सम्भव छ । हामीकहाँ भ्रष्टाचार नियन्त्रण हात्तीको देखाउने दाँतजस्तो भइराखेको छ । नीतिगतरूपमैं भ्रष्टाचारका भ्वाङ नटालिएसम्म नियन्त्रणका अङ्गको नेतृत्व एउटाको हातबाट अर्कोमा सर्नुले मात्रै सुशासनको प्रत्याभूति सम्भव हुँदैन । नीति निर्माण र निर्णय प्रक्रियामा समावेशीकरण हुने हो भने भ्रष्टाचारको छिद्र राख्नेगरी कानून निर्माणमा लगाम लाग्न सक्छ । यसबाट नीतिगत चलखेल र यसको आडमा हुने राजनीतिक भ्रष्टाचारले निकास पाउन सक्छ । तर राजनीतिक भागबन्डाको जगमा उभिएको समावेशिताको अर्थ छैन । यसको अवधारणा र अभ्यासबीचको विरोधाभासले निकास पाउनुपर्छ ।

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलनको स्वस्थ अभ्यासले सुशासनलाई सघाउँछ । अहिलेसम्म न्यायालयको निष्पक्षताले कतिपय राजनीतिक आग्रहप्रेरित प्रयत्नलाई पन्छाएको उदाहरण पनि छ । न्यायालयमा राजनीतिक हस्तक्षेपको विकृत प्रयत्नले उजागर हुन बाँकी छैन । स्वार्थ मिल्दा आफैंले बुइँ बोकेर अख्तियारको उच्चासनमा पुऱ्याइएका लोकमान सिंह कार्कीविरुद्ध मुख्य राजनीतिक दल कसरी खनिएका थिए र राजनीतिक शीर्षस्थको आग्रह अनुसार काम नगर्दा सुशीला कार्कीले कस्ता अप्ठेराहरूको सामना गर्नुपरेको थियो भन्ने तथ्यको स्मरण मात्र पनि शक्ति सन्तुलनमा राजनीतिक हस्तक्षेपको स्थिति बुझ्न पर्याप्त हुन सक्छ ।

भ्रष्टाचार निवारणका राजनीतिक एजेन्डा अब चुनावी जीतहारको आधार बन्नुपर्छ । राजनीतिक दलहरूका चुनावी घोषणापत्रलाई कानूनले चिन्ने आधार नहुँदा यो अति महत्त्वाकाङ्क्षा र झूटको मिश्रणबाहेक अन्य लाग्न छोडिसकेको छ । घोषणा अनुसार काम नगरे फिर्ता बोलाउन पाउने कानून बनाइनुपर्छ । जनतामा चेतना जागृत हुन थालिसकेको छ । हामीकहाँ राजसंस्था फालिनुको कारण पनि भ्रष्टाचार र सुशासनको कमी नै मुख्य हो । तर विकल्पमा आएको व्यवस्था झन् भ्रष्ट बन्नु चाहिं विडम्बना हो । कम्तीमा राजनीति सुशासनमैत्री भइदिए भ्रष्टाचार स्वतः नियन्त्रण हुनेछ ।

अपवादवाहेक अख्तियारका उच्च अधिकारीहरूको आचरण आशङ्कामा जेलिएका छन् । यस्ता आयुक्तहरू अनधिकृत उपक्रममा जोडिएका छन् । आयोगलाई यथास्थितिमा निरन्तर राख्नु भनेको देशको स्रोत साधन रित्याएर सत्तासीन राजनीतिको औजार बनाउनु हो । जनताले खाइनखाइ तिरेको तिरोबाट चलेको वैधानिक आयोग सत्ताको अवैधानिक उद्देश्यमा दुरुपयोग हुनुभन्दा यसको खारेजी उचित हुनेछ । अख्तियार दुरुपयोग र भ्रष्टाचार नियन्त्रणका निम्ति दक्ष, निष्पक्ष र पारदर्शी संरचनाको खाँचो खट्किएको छ ।

अख्तियारलाई जम्मेवारीभन्दा राजनीतिको हतियारको रूपमा दुरुपयोगको आरोपका आधारहरू बलियो बन्दै जाँदा अख्तियारको औचित्यमैं प्रश्न उठ्नु अस्वाभाविक होइन, उठिराखेकै छ । विवादास्पद छविका व्यक्तिहरूलाई राजनीतिक भागबन्डामा अख्तियारका आसनमा पुऱ्याइनु बेथितिको जग हो । नेता खुशी पार्न खप्पिस पूर्वकर्मचारीलाई होइन, प्रतिस्पर्धाबाट छानिएका पदाधिकारीबाट निष्पक्ष कार्यसम्पादनको अपेक्षा राख्न सकिन्छ । राजनीतिक आशीर्वाद थापेर पदमा पुगेको व्यक्तिको दायित्व दाताप्रति नै बढी हुन्छ ।

अख्तियार त अहिले सत्ताको आडमा मौलाएका भ्रष्टाचारमा निरीह मात्र होइन, सत्ता राजनीतिको स्वार्थ सोझ्याउने औजार बनेको छ । अख्तियार दुरुपयोग नियन्त्रणको उद्देश्यले व्यवस्था गरिएको संवैधानिक निकायको चरम दुरुपयोग भइरहेको छ । राजनीतिले नीतिगत निर्णयको आडमा हुने भ्रष्टाचारको छानबीनमा मात्र रोक लगाएको छैन, उच्च ओहोदाधारीको बचाउमा एकपछि अर्को कानूनी उपाय निकालेर अख्तियारको हातखुट्टा बाँध्ने काम भइराख्छ भने यस्तो निकायको अर्थ छैन । यो निकायलाई विपक्षीलाई ठेगान लगाउने हतियार मात्र बनाउने हो भने यस्तो आयोगको अर्थ छैन, खारेज गरिदिए हुन्छ ।

राजनीतिको आडमा मौलाएका भ्रष्टाचार झाँगिँदै जाने तर सानोतिनो अनियमिततालाई समातेर प्रगति विवरण देखाउन अनुभवीका नाममा काम गर्ने ऊर्जा र सोच रित्याइसकेका केही थान कर्मचारीलाई अख्तियारमा पालेर राख्नुको औचित्य छैन ।

# पुरुषार्थ चतुष्टय-जीवनका चार आधार

मानिस विधाताको सर्वोत्कृष्ट रचना हो, त्यसबाट श्रेष्ठतर जीवनयापनको अपेक्षा गर्न सकिन्छ, जसले मानव जीवनको उद्देश्य पूरा हुन सकोस् । मानिस यस धरतीमा किन आयो, उसको जन्मको उद्देश्य के हो, जीवनको लक्ष्य के हो र यसलाई प्राप्त गर्ने साधन केके हुन्– जीवनका यी यक्ष प्रश्नहरूको उत्तर ऋषिहरूले पुरुषार्थ चतुष्टयका रूपमा दिएका छन्, जसले जीवनको स्पष्ट दिशाबोध गर्दछन् र यसमा निहित प्रश्नहरूको समाधान पनि दिन्छन् ।

यो भन्नु अतिशयोक्ति हुनेछैन कि पूर्वीय संस्कृतिको भव्य भवन पुरुषार्थ चतुष्टयको चार खामामा अडेको छ । पुरुषार्थ चतुष्टय एक किसिमले आचारशास्त्र हो, कर्तव्यशास्त्र हो, जीवन जिउने कलाको साधन हो । यिनले सत्कार्यका लागि अन्तर्दृष्टि दिन्छन्, जीवनलाई अनुशासित बनाउँछन्, माथि उठ्ने प्रेरणा दिन्छन् र आत्माको परिष्कारका साथ जीवनको परम लक्ष्य मोक्ष–प्राप्ति सम्भव बनाउँछन् ।

पुरुषार्थ चतुष्टयमा धर्मलाई पहिलो स्थान दिइएको छ र अर्थ तथा कामलाई दोस्रो र तेस्रो स्थान प्राप्त छ । यसको आशय यही हो कि अर्थ र कामको प्रक्रिया धर्ममा आधारित होस् । हामी जुन अर्थ उपार्जन गर्छौं वा कामको उपभोग गर्छौं, ती सब धर्ममय होस् ।

पूर्वीय संस्कृतिमा यो धारणा छ कि मानवीय जीवनको उद्देश्य अर्थोपार्जन वा कामोपभोग हुन सक्दैन । धर्मको आधारमा एउटा उच्चतर जीवन यसको मौलिक प्रतिपादन हो, जसले व्यक्ति र समाज दुवैमा सुख–शान्ति व्याप्त हुन सकोस् ।

धर्म सदाचरण, कर्तव्यपरायणता, मानव मूल्यको द्योतक हो । धर्म–स्वअनुशासित, नैतिकतापूर्ण लोकयात्रा पूरा गर्ने, राम्ररी जीवन व्यतीत गर्नेसम्बन्धी नियमहरूको सनातन स्रोत हो । धर्मको अभावमा अर्थ र काम अवनति, अशान्ति एवं पतनको कारण बन्न पुग्दछ । अतः धर्म ती नियमहरूको नाम हो, जसको पालन गर्दै हामीले काम र अर्थको उपभोग गर्नुछ एवं आत्मिक सुख र शान्तिको मार्ग प्रशस्त गर्नुछ ।

वैशेषिक दर्शनका अनुसार धर्मले अभ्युदय र निःश्रेयस दिन्छ अर्थात् लौकिक र पारलौकिक, दुवै पक्षको संयोजन गर्छ । अभ्युदय जहाँ लौकिक सुख, समृद्धि र सम्पन्नता हो भने निःश्रेयस आत्मिक शान्ति र मोक्ष ।

महाभारतको शान्तिपर्वमा ऋषि पराशर भन्दछन् कि धर्मको मात्र विधिपूर्वक अनुष्ठान, यस लोकमा मात्र होइन, परलोकमा पनि कल्याणकारी हुन्छ । योभन्दा ठूलो श्रेयको अर्को कुनै साधन छैन ।

धर्मको अर्थ धारणासँग पनि छ, जसले सबैलाई धारण गर्दछ । धर्मले यस सृष्टिलाई, यस जीवनलाई धारण गरेको छ । यस अर्थमा धर्मको अभिप्राय श्रेष्ठ गुणसँग पनि हो, जसलाई धारण गरिन्छ । महर्षि मनुले धर्मका दश लक्षणहरूको रूपमा यिनै सद्गुणहरूको वर्णन गरेका छन् । यस रूपमा धर्मको आशय उपासनापद्धतिभन्दा बढी श्रेष्ठ आचरणसँग छ ।

जब अर्थ र काम धर्ममूलक हुन्छन्, जब व्यक्तिको जीवन सुखी र समाज सुव्यवस्थित रहन्छ, अनि मात्र मोक्ष फलित हुन्छ अन्यथा व्यक्ति इहलोक र परलोक; दुवैमा दुःख भोग्छ तथा समाजमा अशान्ति र अव्यवस्था व्याप्त रहन्छ ।

**महाभारतमा स्पष्ट निर्देश छ कि आफ्नो इन्द्रियहरूलाई वशमा नराख्नु विपत्तिको मार्ग हो र यिनलाई अधीनमा राख्नु सम्पत्तिको मार्ग हो । धर्मयुक्त काम संयमको मार्ग हो, जसले स्वास्थ्यलाई लाभ पुऱ्याउँछ, मनलाई निर्मल तथा चित्तलाई शान्त पार्छ ।**

अर्थको अभिप्राय धन, सम्पत्ति र साधन–वैभवसँग जोडिएको छ, जसको आधारमा मानवीय जीवनको मूलभूत आवश्यकताहरूको पूर्ति हुन्छ, परिवारको पालन–पोषण हुन्छ, समाजको विकास कार्य अघि बढ्छ । यो आवश्यक छ कि धनार्जन न्याय, नैतिकता तथा सत्यमा आधारित होस्, जसमा साधनको शुचिताको विशेष ख्याल गरियोस् ।

अथर्ववेदमा ऋषि भन्दछन् कि म अरूको कमाइ नखाउँ, अर्थात् त्यो अनुचित ढङ्गले अर्जित नहोस् । हे इन्द्र ! हामीलाई श्रेष्ठ अन्न देऊ । अथर्व वेदका अनुसार पुण्यबाट अर्जित धनले नै मेरो घरको शोभा बढाओस् ।

महाभारत शान्तिपर्वमा सच्चा धनको चर्चा गर्दै भनिएको छ कि धर्मको पालन गर्दै जुन धन अर्जित हुन्छ, त्यही सच्चा धन हो । जुन अधर्मबाट प्राप्त हुन्छ, त्यो धन त धिक्कारयोग्य नै हुन्छ । संसारमा धनको इच्छाले शाश्वत धर्मको त्याग गर्नुहुँदैन ।

महान् नीतिज्ञ चाणक्य वर्जित धनको सम्बन्धमा प्रकाश पार्दै भन्दछन्–जुन धन अरूलाई पीडा वा हानि पुऱ्याएर, धर्मको उल्लङ्घन गरेर तथा शत्रुका सामु निहुरेर प्राप्त हुन्छ, त्यो धन मलाई चाहिँदैन । अन्यायपूर्वक यदि कसैसँग सिन्को पनि लिइएको छ भने त्यो दुःखदायी हुन्छ । त्यसैले चाणक्यले भनेका छन्–

**मातृवत् परदारेषु परद्रव्येषु लोष्ठवत् ।**
**आत्मवत् सर्वभूतेषु यः पश्यति स पश्यति ॥**

अर्थात् जसले पराई महिलालाई आमा समान, पराई धनलाई काठ समान र समस्त प्राणीलाई आफूसमान देख्दछ, उही देख्दछ । उपनिषद्हरूमा–**तेन त्यक्तेन भुंजीथाः** अर्थात् त्यागपूर्ण भोगलाई जीवनको आदर्श भनिएको छ ।

काम मुक्तिको मूल कारण हो, मानिसको स्वाभाविक एवं जन्मजात प्रवृत्ति हो । सन्तानोत्पत्ति, मानव जातिको परम्परालाई अक्षुण्ण बनाइराख्नका लागि काम आवश्यक छ । यस रूपमा यो एउटा प्राकृतिक र नैसर्गिक कामना हो ।

शास्त्रहरूमा एउटा सीमा–मर्यादामा रहेर कामसेवन गर्नुपर्ने बताइएको छ र यसको अति वर्जित गरिएको छ । अनियन्त्रित वा अति विषयासक्तिले बल एवं बुद्धिको नाश हुन्छ । विषय–वासनामा फसेका व्यक्तिको अनिवर्चनीय हानि हुन्छ, अनि भोग कहिले तृप्त हुँदैन ।

भर्तृहरिले भनेका छन्–**भोगा न भुक्ता वयमेव भुक्ताः** अर्थात् भोगहरूलाई भोग्नाले मानिस कहिले तृप्त हुँदैन, अपितु स्वयं जर्जर हुन्छ । मनु महाराजको शब्दमा भोग्नाले इच्छा कहिले पनि तृप्त हुँदैन वरन् घीउबाट अग्नि तीव्र भएजस्तै इच्छा पनि बढ्दै जान्छ । भगवान् श्रीकृष्णले कामलाई धेरै खाने महापापीसम्म भनेका छन् । यसको वशीभूत जीवनको दुःखद परिणति चारित्रिक पतन एवं कलङ्कित जीवनको रूपमा हुन्छ ।

महाभारतमा स्पष्ट निर्देश छ कि आफ्नो इन्द्रियहरूलाई वशमा नराख्नु विपत्तिको मार्ग हो र यिनलाई अधीनमा राख्नु सम्पत्तिको मार्ग हो । धर्मयुक्त काम संयमको मार्ग हो, जसले स्वास्थ्यलाई लाभ पुऱ्याउँछ, मनलाई निर्मल तथा चित्तलाई शान्त पार्छ । संयमित, मर्यादित, सदाचारी जीवन नै मानिसको आदर्श हो । धर्मयुक्त काम नै मानव मोक्षको द्वार हो ।

मोक्ष, पुरुषार्थ चतुष्टयको चौथो स्थानमा आउँछ । यो जीवनको उच्चतम उद्देश्य, परम साध्य हो । मोक्ष जन्म–मरणको बन्धन, संसार चक्र–मृत्युको अन्तहीन गतिशील चक्रबाट, मुक्त वा पार हुनु हो । न्यायदर्शनमा दुःखबाट छुटकारा गर्नुलाई नै मोक्ष भनिएको छ । यो मानव जीवनको परम उपलब्धि हो । पूर्वी परम्पराका सबै दर्शनले यसको प्रतिपादन गर्दछन् । गृहस्थ जीवनमा रहेर पनि सात्त्विक, संयमित एवं सदाचारी जीवन बाँच्दै मोक्षको मार्ग प्राप्त गर्न सकिन्छ । यसका लागि अर्थ एवं कामको धर्मयुक्त आचरण मोक्षसम्म पुग्ने राजमार्ग हो ।

# पाँचवटा प्रदेशमा मनसुनको प्रभाव

काठमाडौं, ८ असार/रासस

देशका पाँचवटा प्रदेशमा मनसुनको प्रभाव रहेको छ । कोशी प्रदेशबाट भित्रिएको मनसुन मधेस, बाग्मती र गण्डकी प्रदेशको अधिकांश भूभाग तथा लुम्बिनी प्रदेशको पूर्वी भूभागसम्म फैलिएको छ ।

जल तथा मौसम विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार अन्य प्रदेशमा भने अझै पश्चिमी वायु र स्थानीय वायुको प्रभाव न्यून छ । मनसुन र पश्चिमी वायुको प्रभावले कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा शनिवार बिहान पूर्णतया बदली छ भने बाँकी भूभागमा आंशिक बदली छ ।

अहिले गण्डकी प्रदेशका केही भूभाग तथा बाग्मती, कर्णाली र लुम्बिनी प्रदेशका थोरै स्थानमा मेघगर्जन र चटयाङसहित हल्कादेखि मध्यम वर्षा भएको महाशाखाले जनाएको छ । आज दिउँसो कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशलगायत पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहेको छ ।

आज दिउँसो बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही, कोशी र मधेस प्रदेशका थोरै तथा बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा भएको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ । गण्डकी प्रदेशका केही स्थानमा आज भारी वर्षा भएको छ । महाशाखाका अनुसार आज राति कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशलगायत पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहनेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## दिल्लीमा पानीको अभाव

नयाँ दिल्ली, ८ असार/एएनआई

गर्मीको समयमा शहर लगातार तातो हुँदै जाँदा शनिवार राजधानी दिल्लीका केही भागमा ट्याङ्करबाट पानी ल्याउन मानिसहरूको लामो लाइन देखिएको थियो।

गर्मीमा राजधानी दिल्लीमा पानीको अभावका कारण मयूर विहार क्षेत्रका गाउँ, सञ्जय कलोनी, ओखला क्षेत्र र गीता कलोनीका मानिसहरू लाइनमा उभिएर क्यान र बाल्टी समातेर पानीको ट्याङ्कर वरिपरि घुमिरहेको बिहानको दृश्यले देखाएको छ।

बढ्दो तापक्रमको बीचमा यी दृश्यहरू यो वर्षको गर्मी मौसम शुरू भएदेखि नै राजधानी क्षेत्रमा दैनिकको घटना बनेका छन्।

यसैबीच पानी सङ्कटमा राजनीतिक खिचातानीबीचमा दिल्लीकी जलमन्त्री आतिशी शुक्रवार हरियाणा सरकारले दिल्लीको लागि पानी नछोडेको आरोप लगाउँदै अनिश्चितकालीन भोक हडतालमा बसेकी छन्।

यसैबीच, दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालकी पत्नी सुनीता केजरीवालले न्यायिक हिरासतमा रहेका मुख्यमन्त्रीको सन्देश पढ्दै दिल्लीका जनता पानीको अभावबाट पीडित भएको देखेर अरविन्द केजरीवाल दुःखी भएको बताइन्।


तस्वीरः एजेन्सी

उनले भनिन्, "केजरीवाल टिभीमा दिल्लीका मानिसहरू पानीको अभावका कारण पीडाको सामना गर्न बाध्य भएको देखेर आफूलाई दुःख लागेको भावना सम्प्रेषण गर्नुभयो।" केजरीवालले आतिशीको तपस्या सफल हुने र दिल्लीवासीले पानीको समस्याबाट राहत पाउने आशासहित अतिशीलाई शुभकामना दिनुभयो। यद्यपि भारतीय जनता पार्टीले भने पानी सङ्कटलाई लिएर दिल्ली सरकारलाई आक्रमण जारी राखेको छ।

भाजपाकी सांसद बाँसुरी स्वराजले आप सरकारले "भ्रष्टाचारलाई प्रोत्साहित गर्न" सङ्कटलाई योजनाबद्ध गरेको आरोप लगाइन्।

पानीको सङ्कट प्राकृतिक सङ्कट नभई केजरीवाल सरकारले आफ्नै भ्रष्टाचारलाई प्रोत्साहित गर्दै अवैध ट्याङ्कर माफियालाई प्रोत्साहित गर्ने योजना बनाएको बाँसुरी स्वराजले उल्लेख गरिन्।

उनले शहर सुक्खा भई दिल्ली असहज अवस्थामा हुँदा केजरीवाल सरकार केवल नाटकमा लिप्त रहेको उल्लेख गर्दै मन्त्री आतिशीले पर्याप्त कदम चाल्नुको सट्टामा केवल नाटकमा व्यस्त भई दिल्लीवासीलाई अनशनको धम्की दिइरहेको बताइन्। रासस

## चीनद्वारा फ्रान्सको सहकार्यमा नयाँ उपग्रह प्रक्षेपण

झिचाङ, ८ असार/सिन्ह्वा

चीनले फ्रान्ससँगको सहकार्यमा शनिवार नयाँ खगोलीय उपग्रह प्रक्षेपण गरेको छ। उपग्रह चिनियाँ र फ्रान्सेली वैज्ञानिकहरूको लगभग २० वर्षको कडा परिश्रमको परिणाम हो, जसले गामा-रेहरू क्याप्चर गर्न ब्रह्माण्डको सबैभन्दा टाढाको भागमा आतिशबाजी जस्तै चम्कन्छ।

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासनका अनुसार दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको जिचाङ सेटेलाइट प्रक्षेपण केन्द्रबाट लङ मार्च-२सी रकेटबाट अन्तरिक्षमा आधारित मल्टि-ब्यान्ड भेरिएबल अब्जेक्ट मोनिटर (एसभिओएम) नामक उपग्रह प्रक्षेपण गरिएको थियो। "ब्रह्माण्ड भएका प्रारम्भिक गामा-रे विस्फोटहरू जस्ता खोजहरूको लागि तयार पारिएको यस उपग्रहले ब्रह्माण्डको विकासको अध्ययन गर्न मदत गर्नेछ। एसभिओएमका चिनियाँ प्रमुख अन्वेषक र चिनियाँ एकेडेमी अफ साइन्सेजको नेशनल एस्ट्रोनोमिकल अब्जर्भेटरीमा काम गर्ने वेई जियान्यानले बताए।

गामा-रे फटहरू सामान्यतया अवधिमा धेरै छोटो बिग ब्याङपछि ब्रह्माण्डमा सबैभन्दा हिंस्रक विस्फोटक घटना हो भने तिनीहरू विशाल ताराहरूको पतन तथा बाइनरी कम्प्याक्ट ताराको विलयको समयमा हुन्छन्। गामा-रे फटहरूमा गहिरो अवलोकन र अनुसन्धानले विज्ञानका केही आधारभूत प्रश्नहरू बुझ्न मदत गर्ने उनले बताए।

एसभिओएमको मुख्य वैज्ञानिक उद्देश्यहरूमा विभिन्न गामा-रे फटहरूको खोजी गरी पत्ता लगाउनु, फटको विद्युत् चुम्बकीय विकिरण मापन तथा अध्ययन गर्नु, अन्धकार ऊर्जा र फटहरूमार्फत ब्रह्माण्डको विकासको अध्ययन गर्नु र गुरुत्वाकर्षण तरङ्गहरूसँग सम्बन्धित विद्युत् चुम्बकीय सङ्केत अवलोकन गर्नु आदि रहेका छन्।

फ्रान्सेली वैकल्पिक ऊर्जा र आणविक ऊर्जा कमिशनमा काम गर्ने एसभिओएमका फ्रान्सेली प्रमुख अन्वेषक बर्टान्ड कोर्डियरले प्रारम्भिक ब्रह्माण्ड अवलोकन गर्न उपकरणको रूपमा गामा-रे फट प्रयोग गरेर पहिलो ताराहरू अवलोकन गर्न सक्ने बताए। यो धेरै रोचक भएको बताउँदै उनले वर्तमान युगमा ब्रह्माण्डको बारेमा जानकारी प्राप्त गर्ने यो एकमात्र तरीका भएको उल्लेख गरे।

उपग्रहमा चारवटा वैज्ञानिक उपकरण स्थापित छन्, जसमध्ये दुईवटा चीनले र दुईवटा फ्रान्सले विकास गरेका हुन्। चारवटा उपकरणहरूले दृश्यको ठूलो क्षेत्र र उच्च-परिशुद्धता अवलोकन गर्न सक्छन्। रासस

## अफगानिस्तानमा ६० विदेशीसहित २० हजार कैदी सजाय भौग्दै

काबुल, ८ असार/सिन्ह्वा

अफगानिस्तानको जेलमा कुल ६० विदेशी नागरिकलाई थुनिएको स्थानीय सञ्चारमाध्यमले शुक्रवार जनाएका छन्। देशभरका जेलमा हाल एक हजार ५०० महिलासहित २० हजार बन्दी रहेका छन्।

अफगानिस्तानी जेलमा १० महिलासहित ६० जना विदेशीलाई थुनामा राखिएको जेल प्रशासन कार्यालयका उपप्रमुख अब्दुल्लाह हमदर्दलाई उद्धृत गरी टोलो न्यूजले जनाएको छ। विभिन्न अपराधमा विदेशी कैदी जीवन बिताइरहेका र कारागारमा कुनै यातना नभएको बरु कैदीलाई सिक्ने र तालीम दिने अवसर रहेको उनले बताए।

जेल प्रशासनले कैदीहरूको राष्ट्रियता भने सार्वजनिक गरेको छैन। प्रशासनले अप्रिलमा ४० जना विदेशी थुनामा रहेको रिपोर्ट गरेको थियो। रासस

### आजको राशिफल


| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – रोगभय |
| मिथुन – ब्यापारवृद्धि | कर्कट – ब्यापारवृद्धि |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – राज्यलाभ | वृश्चिक – अतिथिआगमन |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


**लमजुङको मर्स्याङ्दी गाउँपालिका-४** च्याम्चेमा अवस्थित बुङ्ग झरना। हिमालपारिको जिल्ला मनाङ जाने बाटोमा पर्ने उक्त झरनाले पर्यटकलाई आकर्षित गर्ने गरेको छ। तस्बिरः रामबहादुर थापा/रासस

**महानगरसहित ...**

गर्नेलगायत रहेको बताए।

प्रमुख प्रशासकीय अधिकृत जयनारायणप्रसाद यादवले स्वागत र स्वास्थ्यकर्मी मनु यादवेन्द्रले सञ्चालन गरेको कार्यक्रममा वडाध्यक्ष, सदस्यलगायतको सहभागिता थियो।

**प्रस, पर्सागढी, बिरुवागुठी, ८ असार/**

पर्साको पर्सागढी नगरपालिकाको ११औं नगरसभा शनिवार उद्घाटनपछि स्थगित भएको छ। बहुमत सदस्यहरूले आफ्ना मागहरू पूरा नभएको भन्दै उपस्थिति पुस्तिकामा हस्ताक्षर गरेनन्। एकजना सदस्यको मृत्युपछि ५० सदस्यीय नगरपरिषद्मा २२ जनाले मात्र हस्ताक्षर गरेका कारण आजको नगरसभा स्थगित गरिएको नगरप्रमुख गोकर्ण पाठकले बताए। उनले स्थगित नगरसभा भोलि आइतवार बिहान बोलाइएको जानकारी दिए।

असार २ गते बसेको कार्यपालिका बैठकले आज नगरसभा गर्ने निर्णय गरेको थियो। केही सदस्यहरूले विभिन्न मागहरू प्रस्तुत गरेका र ती मागहरू पूरा नगरिएका कारण उनीहरूले नगरसभा बहिष्कार गरेका थिए। कार्यपालिका सदस्यहरूले वडाको बजेट रु ५० लाखबाट बढाएर एक करोड गरिनुपर्ने, वडाध्यक्षहरूको सेवा सुविधा थप गर्नुपर्ने, र चालू आवको आम्दानी र खर्च सार्वजनिक गर्नुपर्ने माग गरेका थिए। नगरप्रमुख पाठकले दोब्बरी बजेट वृद्धिको माग भएको तर आर्थिक भार व्यय गर्ने क्षमता नभएको बताए। उनले उपलब्ध स्रोत साधनमा रहेर पूर्ववत् बजेट बनाउन वडाध्यक्षहरूसँग आग्रह गरिएको बताए।

वडाध्यक्षहरू शङ्कर रायभर, सुनरीदेवी थरुनी, सुकमान तामाङ, रामबढाईप्रसाद यादव, शेख खुर्सेद, नितेश मिश्र, नवलकिशोरप्रसाद कलवारसहित सदस्यहरूले १३ सूत्रीय माग प्रस्तुत गर्दै नगरसभा बहिष्कार गरेका थिए।

**यसैगरी,** बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभा पनि आज स्थगित भएको छ। गणपूरक सङ्ख्या नपुगेको भन्दै नगरप्रमुख राजन पौडेलले सूचना जारी गर्दै आजको नगरसभा स्थगित भएको र असार १० गते नगरसभा डाकिएको जनाएका छन्।

**परवानीपुर गापाको ३४ करोडको बजेट**

**प्रस, परवानीपुर, ८ असार/**


तस्वीरः प्रतीक


बाराको परवानीपुर गाउँपालिकाले आगामी आव २०८१/८२ को लागि कुल रु ३४ करोड ४५ लाख ७९ हजारको बजेट ल्याएको छ। परवानीपुरस्थित पुरानो भोजभगत माविको भवनमा सञ्चालित आफ्नै पालिकाको सभाहलमा शनिवार आयोजित १४औं गाउँसभामा नीति तथा कार्यक्रम र बजेट पारित भएको हो। गाउँपालिका उपाध्यक्ष सुगन्धीदेवी कनुइनको तर्फबाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका थिए। यो बजेट चालू आवभन्दा करीब दुई करोडले कम छ। चालू आवको बजेट ३६ करोड रहेको छ।

सभाले आगामी आवमा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, सिंचाइ, रोजगारलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याएको जनाएको छ। गाउँसभाको बन्दसत्रमा गाउँसभा सदस्यहरूले परवानीपुर गापामा नगर प्रहरी र सरकारी विद्यालयमा दरबन्दी अनुसारको शिक्षक पालिकाको अनुदानबाट व्यवस्थापन गर्न सुझाव दिएका थिए।

गापा अध्यक्ष रामक्षेत्रीप्रसाद कुर्मीको अध्यक्षतामा वडाध्यक्षहरू चोकट महतो धानुक, नुरुलहोदा अन्सारी, इब्राहिम मियाँ, गम्भीरा पटेल, रामेश्वर कलवार, कार्यपालिका सदस्यहरू महन्त राम, जगदीश राम, कोहरी देवी, चिन्तादेवी राम, इन्द्रकली राम, राजस्व शाखा प्रमुख कृष्ण यादव, लेखापाल बजरङ्गी साहलगायतको सहभागिता थियो।

**रास्वपा ..**

अत्तालिएको बताए। उनले प्रारम्भिक अवस्थामा नै प्राप्त जनविश्वास अकल्पनीय रहेको बताए।

उनले यथावस्थामा पार्टीले प्रगति गर्दै जाने हो भने आगामी निर्वाचनमा एकल बहुमतका साथ सरकार बनाउने दाबी गरे। उनले अहिले समीकरणाको सरकारमा सहभागी छौं र चारवटा मन्त्रालय पाएका छौं, आगामी निर्वाचनमा बहुमतका साथ सबै मन्त्रालयको बागडोर सम्हाल्नेछौं दाबी गरे। उनले आफ्नो पार्टीको मूलमन्त्र सुशासन रहेको र भ्रष्टाचार, अन्याय र विभेदविरुद्ध पार्टीले सशक्त आवाज उठाउने बताए।

पर्सा संयोजक हरि पन्तले पार्टीप्रतिको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने बताए। उनले पर्साका १४ वटै स्थानीय तहमा सङ्गठन विस्तारलाई तीव्रता दिने जानकारी दिए।

पन्तले भने–"हामीले सुशासनको कुरा उठाइरहँदा हाम्रो काममा पनि प्रश्न उठ्न दिनुहुँदैन।" भेलामा मधेस प्रदेश शिक्षा विभाग प्रमुख शम्भु कँडेल, उपप्रमुख चन्द्रबहादुर पटेल, रास्वपा सङ्गठन विभाग मधेस प्रदेशका उपप्रमुख प्रमोद रायमाझीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

भेलाले उमेश यादवको अध्यक्षतामा ११ सदस्यीय पालिका कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्ष बृजकिशोर यादव, सचिव मनबोध यादव, कोषाध्यक्ष सनोज महतोलगायत छन्।

## मधेस प्रदेशसभाबाट बालिका संरक्षण विधेयक पारित

गोदार (धनुषा), ८ असार/रासस

मधेस प्रदेशसभाबाट बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ पारित भएको छ। सभाको शनिवारको बैठकमा खेलकूद तथा समाज कल्याणमन्त्री प्रमोदकुमार जयसवालले महिला, बालबालिका तथा सामाजिक न्याय समितिको प्रतिवेदनसहितको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए।

मन्त्री जयसवालले बालिका संरक्षणसम्बन्धी कानून ल्याउने पहिलो प्रदेशका रूपमा मधेस प्रदेशको नाम आएको उल्लेख गरे। उनले माता जानकीको भूमिबाट पहिलो बालिका संरक्षणसम्बन्धी कानून पारित भएको बताए। उनले प्रदेशमा छोरी बीमा कार्यक्रम फेरि शुरू गर्न रु १२ करोड थप बजेट व्यवस्था गरिएको जानकारी दिए। बालिका संरक्षणमा काम गर्दा बालकलाई अन्याय हुन नदिन सरकार सचेत हुनुपर्ने उनको भनाइ थियो। उनले भने, "सकारात्मक विभेदमार्फत छोरीहरूलाई सशक्त बनाउन आवश्यक छ।" विधेयकमा १७ जना प्रदेशसभा सदस्यले धारणा राखेका थिए। उनीहरूले उठाएका विषयलाई मन्त्री जयसवालले बालिका संरक्षण ऐनलाई प्रभावकारीरूपमा कार्यान्वयन गराउन प्रहरी समायोजनको आवश्यकता औंल्याए।

### वीरगंज महानगरपालिकाको सूचना

प्रस्तुत विषयमा जिल्ला पर्सा साबिक गाविस मनियारी-७ हाल वीरगंज महानगरपालिका वडा नं २२ जगरनाथपुरमा सञ्चालित श्री तारानन्द इङ्गलिश बोर्डिङ स्कूलको नाम परिवर्तन सम्बन्धमा कम्पनी रजिस्ट्रारको कार्यालयको च.नं. ४६६३० मिति २०७८/०९/१४ गतेको पत्रानुसार नाम परिवर्तन भई आएको तथा उक्त विद्यालयको च.नं. १३३/२०८०/८१ मिति २०८०/११/२९ को पत्रबाट तपसिल अनुसारको नाम र ठेगाना परिवर्तन गरिपाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिशसहित निवेदन दिएकोमा यस कार्यालयको मिति २०८१/०२/१६ को निर्णय अनुसार सबैको जानकारीको लागि हकदाबीसम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ। ***तपसिल***

| साबिक नाम र ठेगाना | परिवर्तन हुने नाम र ठेगाना |
|---|---|
| तारानन्द इङ्गलिश बोर्डिङ स्कूल<br>जिल्ला पर्सा, गाविस मनियारी-७, जगरनाथपुर, पर्सा | सनराइज एकेडेमी पर्सा प्रा.लि.<br>वीरगंज महानगरपालिका-२२, जगरनाथपुर, पर्सा |

# विद्यार्थीहरूलाई क्षमता अभिवृद्धि तालीम

दिनेशकुमार मिश्र, वीरगंज, ८ असार/

वीरगंज कलेजले कक्षा १२ मा अध्यनरत विद्यार्थीहरूलाई नेतृत्व क्षमता विकास तालीम दिएको छ । कानून, शिक्षा, पत्रकारिता र व्यवस्थापन सङ्कायका विद्यार्थीहरूका लागि आयोजित क्षमता विकास तालीमको उद्घाटन गर्दै वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुबोध गुप्ताले आफू औद्योगिक घरानाको व्यक्ति नभएको तर सानो व्यापारलाई मेहनत गरेर अगाडि बढाएर अहिलेको अवस्थामा आइपुगेको बताए । उनले सङ्घर्ष गर्नेहरूले मुकाम पाउँछन् र यसमा कुनै बहानाबाजी नगरी निरन्तर लाग्नुपर्ने बताए । उनले विद्यार्थीहरूले सकारात्मक सोचका साथ लक्ष्य बनाएर अघि बढ्नुपर्ने सुझाए । वीरगंज कलेजका




अध्यक्ष डा दीपेन्द्र चौधरीले शिक्षाको स्तर बढाउन आफू लागिपरेको बताए ।

किताबी ज्ञानका साथै विद्यार्थीहरूलाई अतिरिक्त अध्ययनका लागि पनि कलेजले विभिन्न कार्यक्रमहरू गर्दै आएको बताए ।

कार्यक्रममा प्याब्सन पर्साका अध्यक्ष आलोक चौरसिया, वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, कृषि वैज्ञानिक विश्वेश्वर यादवलगायतको सहभागिता थियो ।

**सन्ततिलाई ...**

महासचिव माधव राजपालले घरका ज्येष्ठ नागरिकहरूले संस्कार सिकाउनुपर्ने बताए। उनले घरसँगै टोलका गतिविधिहरूमा पनि निगरानी बढाउने हो भने युवाहरू कुलतको शिकार नहुने बताए। घरमा देखाएको अभिभावकत्व, टोल, समाज र देशमा देखाउने हो भने सन्ततिले प्रगति गर्ने बताए ।

नेता दिलीपराज कार्कीले घरका ज्येष्ठ नागरिकसँग हुलमिल गर्ने तर बाहिरका ज्येष्ठ नागरिकप्रति भय, द्वेष र घृणाका साथ हेर्ने बालबालिका र युवाहरूको सोचमा परिवर्तन ल्याउन ज्येष्ठ नागरिकहरूले उनीहरूसँग कार्यक्रमको माध्यमबाट हिमचिम बढाउनुपर्ने सुझाव दिए। कार्यक्रममा ज्येष्ठ नागरिक सङ्घ पर्साका अध्यक्ष श्याम पोखरेल, बाराका भरतबहादुर मल्ल, रौतहटका विजयकिशोर झा, सर्लाहीका डा अब्दुल रहिम मिकरानी, धनुषाका शुभचन्द्रलाल कर्ण, सप्तरीका रामनरेश सिंहले ज्येष्ठ नागरिकका हकमा सरकारले धेरै कानूनी अधिकार प्रदान गरेको तर त्यसको कार्यान्वयन भने नगरेको आरोप लगाए। उनीहरूले ७० वर्षमाथिका ज्येष्ठ नागरिकहरूका लागि निश्शुल्क स्वास्थ्य बीमाको व्यवस्था गरे पनि अस्पतालमा औषधिलगायतका सेवाहरू नपाउने गरेको गुनासो पोखे । सार्वजनिक बस सेवामा राजधानी काठमाडौंमा ज्येष्ठ नागरिकलाई टिकटमा छुछ दिए पनि मधेस प्रदेशमा त्यस्तो कुनै पनि बसले छुटको व्यवस्था नगरेको बताए । उनीहरूले सरकारबाट पीडित ज्येष्ठ नागरिकहरूले आफ्नो हकअधिकारको लागि सडकमा आउनुपर्ने बाध्यकारी अवस्था सिर्जना गराएको बताए । अहिलेको उमेर समूहमा खासगरी स्वास्थ्यप्रति सरकार गम्भीर हुनुपर्ने उनीहरूको सुझाव थियो । उनीहरूले स्थानीय तहको सरकार गठनपछि ज्येष्ठ नागरिकप्रतिको सेवाभावमा निकै ह्रास आएको आरोप लगाए। कार्यक्रममा ज्येष्ठ नागरिक सङ्घ पर्साका अध्यक्ष श्याम पोखरेलले स्वागत गरेका थिए भने सहजीकरण सचिव विनयराज गौतमले गरेका थिए ।

कार्यक्रममा डा श्यामसुन्दर दास, बैधनाथ कोइरी, आशा गौतम, जानकी शर्मा, उदयराज शर्मा, बैधनाथ झा, शत्रुघ्न नेपाल, नीरजपिठाकोठे मगर, सुरेश बिडारी, कविता क्षत्रीलगायतको सहभागिता थियो ।


## लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको,
- मानव अधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवाप्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरूप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**महासङ्घको ...**

सोहीअनुरूप देशभरका शाखाहरूले विभिन्न तनाव खेपेर सदस्यता शुद्धीकरण गरेर पठाएको तर केन्द्रले आफूखुशी सदस्यता थप गरी निर्वाचन समितिलाई सदस्यता नामावली बुझाएकोमा विधानको बर्खिलाप भएको आरोप लगाएका छन्। उनीहरूले अध्यक्ष र महासचिव समग्र संस्थाभन्दा माथि रहेको र निरङ्कुश बनेको आरोप पनि लगाएका छन् ।

आफूहरू निर्वाचनको चाहनामा रहेको तर केन्द्रले बलजफ्ती थपेका नामहरू हटाउनुपर्ने, जिल्ला र प्रदेशले गरेका शुद्धीकरण मान्य हुनुपर्ने र यी मागहरू सम्बोधन भएपछि मात्र निर्वाचनको तालिका प्रकाशित गरिनुपर्ने अन्यथा शाखामा निर्वाचन हुन नसक्ने चेतावनी दिएका छन् ।






# खेलकूदको संसार

## गण्डकी प्रदेशस्तरीय हक्की प्रतियोगिताको च्याम्पियन बन्यो कास्की

कास्की, ८ असार/रासस

गण्डकी प्रदेशस्तरीय हक्की प्रतियोगितामा कास्की च्याम्पियन बनेको छ। कास्कीले लगातार दोस्रोपटक प्रतियोगिताको उपाधि जितेको हो ।




प्रदेश खेलकूद परिषद् गण्डकीको आयोजना र गण्डकी प्रदेश हक्की सङ्घको व्यवस्थापनमा हिजो र आज सञ्चालन भएको प्रतियोगितामा बागलुङलाई ३–० गोलले पराजित गर्दै कास्कीले उपाधि जितेको हो । गत वर्ष पनि तनहुँलाई पराजित गरी कास्कीले उपाधि जितेको थियो ।

उपाधि विजेता कास्कीले नगद रु २० हजारसहित ट्रफी र मेडल प्राप्त गर्दा उपविजेता बागलुङले रु १५ हजार प्राप्त गरेको छ ।

यसैगरी, तनहुँलाई १–० गोलअन्तरले पराजित गर्दै तेस्रो स्थान सुरक्षित गरेको स्याङ्जाले रु १० हजार, ट्रफी, मेडल र प्रमाणपत्र पायो । विजेता तथा उपविजेता टोलीका खेलाडीहरूलाई भारतीय पेन्सन क्याम्प पोखराका चिकित्सक मेजर डा आश्विन नारायणकार, नेपाल–भारत मैत्री विद्यालयका प्रधानाध्यमक मिथुन जय, सहायक प्रअ अशोक गुरुङ, नेपाल हक्की सङ्घका केन्द्रीय उपाध्यक्ष हिमाल खड्का, केन्द्रीय सदस्य तथा कास्की जिल्ला अध्यक्ष हितकुमार गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए ।

१०औं राष्ट्रिय खेलकूदको तयारीस्वरूप प्रतियोगिताको आयोजना गरिएको सङ्घ कास्कीका अध्यक्ष गुरुङले बताए । प्रतियोगितामा सहभागी सबै जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरेर १०औं राष्ट्रिय खेलकूदका लागि गण्डकी प्रदेशको टोली निर्माण गरिने बताइएको छ ।

## हाफ म्याराथनको उपाधि नेपाल पछाईलाई

काठमाडौं, ८ असार/रासस

सशस्त्र प्रहरी परिवार महिला सङ्घको २३औं वार्षिकोत्सवका अवसरमा शनिवार आयोजना गरिएको 'दोस्रो महिला हाफ म्याराथन प्रतियोगिता २०८१' को उपाधि नेपाल पुलिस क्लबकी राजपुरा पछाईले हात पारेकी छन् ।

उनले निर्धारित २१ दशमलव शून्य ९८ किमीको दूरी एक घण्टा १९ मिनेटमा पूरा गरी प्रथम भएकी हुन्। प्रतियोगितामा प्रथम हुने नेपाल पुलिस क्लबकी राजपुरा पछाईले रु एक लाख प्राप्त गरिन् ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकबाट शुरू भई बालाजु चोक–नयाँ बसपार्क–वसुन्धारा–महाराजगंज चोकलाई दायाँ पार्दै त्रिवि शिक्षण अस्पताल–लैनचौर–जमल–घण्टाघर–शहीदगेट–त्रिपुरेश्वर–टेकु–कालीमाटी–रविभवन–कलङ्की हुँदै एपिएफ रङ्गशाला हलचोकमा पुगेर दौड समापन भएको थियो ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उद्घाटन गरेको प्रतियोगितामा सशस्त्र प्रहरी परिवार महिला सङ्घकी केन्द्रीय अध्यक्ष अनीता लामिछाने अर्याल, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू, महिला सङ्घका पदाधिकारीलगायत सशस्त्र प्रहरी बल नेपालका अधिकृत तथा बिल्लादार जवानहरूको सहभागितामा कार्यक्रम भएको हो ।

उक्त प्रतियोगितामा दोस्रो हुने नेपाल पुलिस क्लबकी राममाया बुढाले एक घण्टा २३ मिनेट १० सेकेन्डमा निर्धारित दूरी पार गरी रु ७५ हजार तथा तेस्रो हुने नेपाल एपिएफ क्लबकी पुष्पा भण्डारीले एक घण्टा २५ मिनेट ४५ सेकेन्डमा पार गरी रु ५० हजार जितेका छन् ।

उपाधि हासिल गर्ने धावकलाई यही असार १७ गते वार्षिकोत्सवमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार न्यौपानेले जानकारी दिए । उनका अनुसार चौथोदेखि १०औं स्थान हासिल गरेका धावकलाई आजै पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रतियोगितमा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लबलगायत सशस्त्र प्रहरी बल नेपालका वाहिनी मुख्यालय तथा देशैभरका महिला धावकको सहभागिता थियो ।

आजै सम्पन्न 'प्रथम महिला हाफ म्याराथन प्रतियोगिता २०८१' मा दीपा परियार प्रथम, लीला राई दोस्रो र रीना माझी तेस्रो भएका छन्। उनीहरूलाई सशस्त्र प्रहरी परिवार महिला सङ्घकी अध्यक्ष अर्यालले पुरस्कार, मेडल र प्रमाणत्र प्रदान गरेकी थिइन् ।

## कोशी प्रदेश फूटबल प्रतियोगिताको उपाधि मोरङलाई

तेन्हथुम ८, असार/रासस

कोशी प्रदेश पुरुष फूटबल प्रतियोगिताको उपाधि मोरङले जितेको छ । तेन्हथुमको म्याङलुङमा शनिवार सम्पन्न प्रतियोगिताको फाइनलमा ओखलढुङ्गालाई शून्यविरुद्ध दुई गोल गर्दै मोरङ विजेता बनेको हो ।

मोरङले नगद रु तीन लाख ३३ हजार, ट्रफी, मेडल र प्रमाणपत्रसहित प्रथम पुरस्कार प्राप्त गरेको छ भने उपविजेता बनेको ओखलढुङ्गाले रु दुई लाख २२ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

म्याङलुङ खेलमैदानमा असार ३ गतेदेखि शुरू भएको प्रतियोगितामा कोशी प्रदेशका अन्य १२ जिल्लाको सहभागिता थियो। प्रदेश खेलकूद विकास बोर्ड कोशी प्रदेश विराटनगरको आयोजना, जिल्ला खेलकूद विकास समिति तेन्हथुमको संयोजन र कोशी प्रदेश फूटबल सङ्घको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन भएको हो। बोर्डले रु २० लाख र खेलाडीका लागि आवास, खाजाका लागि म्याङलुङ नगरपालिकाले रु १० लाख प्रदान गरेको जिल्ला खेलकूद विकास समितिका अध्यक्ष राजेन्द्र बरालले बताए ।

# जनमतको छिपहरमाईमा अधिवेशन




सुग्रीव साह, भिस्वा, ८ असार/

जनमत पार्टीको छिपहरमाई गापामा अधिवेशन सम्पन्न भएको छ ।

छिपहरमाई गापा–५ मा केन्द्रीय सदस्य हरिहर साहको अध्यक्षतामा भएको अधिवेशनले कृष्ण कुशवाहाको अध्यक्षतामा २१ सदस्यीय गापा कमिटी गठन गरेको छ ।

कमिटीको उपाध्यक्ष सुरेश महतो, हलिमा खातुन, सचिव अनिलकुमार सिंह, सहसचिव कर्मचारीसाह कानू, कोषाध्यक्ष खुर्सेद साह कानूलगायतका सदस्यहरू छन् ।

अधिवेशनमा केन्द्रीय सदस्यहरू माधो सिंह, सिपु तिवारी, अरबिन्द सिंह, सुधीरनाथ पाण्डे, पर्सा अध्यक्ष ओमप्रकाश सर्राफलगायतको सहभागिता थियो ।

# आठ सयजनालाई निश्शुल्क कपडा वितरण




प्रस, वीरगंज, ८ असार/

अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा शुक्रवार वीरगंज कपडा बैंकले घण्टाघरमा शुभकामनासहित निश्शुल्क कपडा वितरण गरेको छ ।

आइतवारदेखि शुक्रवारसम्म बिहान १०:३० देखि ५ बजेसम्म वीरगंज–८ बाट गरीब र असहायलाई निश्शुल्क कपडा उपलब्ध गराउँदै आएको बैंकले दशैं, दीपावली, छठपर्व एवं प्रत्येक महीना घण्टाघरमा सर्वसाधारणलाई नयाँ, पुराना कपडा वितरण गर्दै आएको सचिव कन्हैया पटेलले बताए ।

सोही क्रममा हिजो घण्टाघरमा आठ सयजनालाई नयाँ, पुराना कपडा वितरण गरिएको संस्थाका अध्यक्ष लालबाबू सिंहले बताए । कार्यक्रममा संस्थाका संरक्षक सुरेन्द्रप्रसाद कुर्मीसहित हुकुम सिंह राजपूत, रम्भा मिश्र, प्रकाश उपाध्याय, मोनिका सिंह, बृजेश्वरप्रसाद चौधरी, मनोज मिश्रलगायतको सहभागिता थियो ।